# लोक सेवा आयोगको ७६औँ स्थापना दिवस सम्बन्धी

# प्रेस विज्ञप्ति

**काठमाडौँ, २०८३ असार १ गते ।**

लोक सेवा आयोग आफ्नो स्थापनाको ७६औँ वर्षमा प्रवेश गरेको ऐतिहासिक अवसरमा आज केन्द्रीय कार्यालय कमलपोखरीस्थित भुवनमान सिंह प्रधान सभाकक्षमा ७६औँ वार्षिकोत्सव समारोह सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यमा भव्यताका साथ सम्पन्न भएको छ। कार्यक्रममा प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति श्री हरि ढकालज्यूको विशिष्ट आतिथ्य रहेको थियो।

समारोहको प्रारम्भमा सम्माननीय राष्ट्रपतिज्यूबाट आयोग प्राङ्गणमा हीरक महोत्सवको स्मृतिस्वरूप सीताअशोकको वृक्षारोपण गर्नुभयो । तत्पश्चात पानसमा दीप प्रज्वलन गरेर समुद्घाटन भएको सो कार्यक्रममा राष्ट्रपतिज्यूबाट आयोगको बहुआयामिक इतिहास, संस्मरण र प्रशासनिक अनुभवहरू समेटिएको "हीरक जयन्ती स्मारिका (वि.सं. २००८-२०८३)" को लोकार्पण हुनुका साथै आयोगको परिचयात्मक वृत्तचित्र समेत प्रदर्शन गरिएको थियो।

समारोहलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले साढे सात दशकभन्दा बढी समयदेखि 'योग्यता, निष्पक्षता र स्वच्छता' लाई मूल मर्म मानी स्थायी सरकारका रूपमा रहने योग्यतम कर्मचारी छनोट गरेकोमा आयोगको प्रशंसा गर्नुभयो। उहाँले आयोगले आर्जन गरेको उच्च जनविश्वासलाई कायम राख्दै आधुनिक प्रविधि र वैज्ञानिक परीक्षण प्रणाली अवलम्बन गर्न विशेष जोड दिनुभयो। समावेशी लोकतन्त्रको मर्म अनुरूप योग्यता प्रणालीको रक्षा गर्नु आजको आवश्यकता रहेको औँल्याउँदै कर्मचारीतन्त्रले नागरिकको हक र सहज पहुँच सुनिश्चित नगरेसम्म लोकतन्त्र दरिलो हुन नसक्ने यथार्थ उहाँले स्पष्ट पार्नुभयो।

समारोहका विशिष्ट अतिथि राज्य व्यवस्था तथा सुशासन समितिका सभापति माननीय हरि ढकालज्यूले युग अनुकूल परीक्षा प्रणालीलाई वैज्ञानिक र अन्तर्राष्ट्रियस्तरको बनाउन आयोगलाई आग्रह गर्नुभयो। अब्बल रूपमा छानिएका कर्मचारीबाट अपेक्षित परिणाम आउन नसकेको प्रति चिन्ता व्यक्त गर्दै उहाँले आयोगलाई केवल परीक्षा सञ्चालनमा मात्र सीमित नभई खरिदार, नायब सुब्बा र अधिकृत तह देखि नै परीक्षार्थीको 'व्यवहार र नैतिकता' जाँच्ने गरी पाठ्यक्रम र परीक्षण शैलीमा व्यापक सुधार गर्न सुझाव दिनुभयो। साथै, आरक्षण प्रणालीलाई थप प्रभावकारी बनाउन लक्षित वर्गको क्षमता विकासमा समेत राज्यका निकायहरू लाग्न जोड दिनुभयो।

समारोहमा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले संघीयता कार्यान्वयनको लामो समय बितिसक्दा पनि छाता कानुनको रूपमा रहेको संघीय निजामती सेवा ऐन जारी हुन नसक्दा प्रादेशिक पदपूर्ति र कानुन निर्माणमा एकरूपता आउन नसकी अन्योलता बढेकोले सो ऐन अविलम्ब जारी गर्न

सरकारसँग आग्रह गर्नुभयो । परिवर्तित सूचना प्रविधि र आधुनिक मूल्यांकन विधिको युगमा आयोगलाई 'प्रविधि-उत्प्रेरित र सक्षमतामा आधारित' विशिष्टीकृत संस्थाका रूपमा रूपान्तरण गर्न आयोग दृढ संकल्पित रहेको प्रष्ट पार्नुभयो ।

समारोहमा माननीय सदस्य मञ्जु कुमारीले व्यस्त समयका बावजुद आमन्त्रण स्वीकार गरी मार्गदर्शक सम्बोधन गरिदिएकोमा सम्माननीय राष्ट्रपतिज्यू लगायत अन्य विशिष्ट अतिथि, सुरक्षा निकाय, सञ्चारमाध्यम र अहोरात्र खट्ने कर्मचारीहरूप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रमको सुरुमा स्वागत मन्तव्य राख्नुहुँदै आयोगका सचिव रामेश्वर दंगालले कार्यक्षेत्रको विस्तार र सीमित स्रोत साधनका बाबजुद आयोगले स्थापित मूल्य मान्यता अनुरूप त्रुटिरहित र उत्कृष्ट ढंगले कार्यसम्पादन गर्दै आएको र आगामी दिनमा यसको साख अझ उच्च बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वार्षिकोत्सवको विशेष अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले आयोगको सुदृढीकरणमा अमूल्य योगदान पुऱ्याउनुभएका पूर्व अध्यक्ष श्री उमेश प्रसाद मैनालीलाई दोसल्ला ओढाई सम्मानपत्र प्रदान गर्नु भयो ।

यसै गरी उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरू केन्द्रीय कार्यालयका नायब सुब्बा राजकुमार घिमिरे, काठमाडौं कार्यालयकी टा.ना.सु. लक्ष्मीकुमारी थापा मगर र खोटाङ कार्यालयका खरिदार जीवनाथ आचार्य तथा सूचना प्रविधि सम्मान प्राप्त गर्ने कम्प्युटर अपरेटर राजेन्द्र रंजितकारलाई नगद पुरस्कार तथा प्रशंसापत्रद्वारा पुरस्कृत गरिएको छ ।

'हीरक जयन्ती वर्ष' का अवसरमा देशका ६ वटा प्रदेशमा "विद्यार्थीसँग लोक सेवा आयोग" पहुँच कार्यक्रम सञ्चालन भएका छन् भने ७६औँ वार्षिकोत्सव सप्ताहमा जेठ २५ र २६ गते ब्याडमिन्टन, जेठ २७ गते आँखा परीक्षण, जेठ २७ र २८ गते अन्तर-संवैधानिक निकाय हाजिरीजवाफ, जेठ २९ गते रक्तदान तथा जेठ ३१ गते सुरक्षा निकाय तथा संगठित संस्थाका प्रमुख/प्रतिनिधिहरूको समेत सहभागीतामा प्रभातफेरी लगायत विविध अतिरिक्त रचनात्मक क्रियाकलापहरू सञ्चालन गरिएको थियो ।

सहसचिव श्री पुरूषोत्तम शर्माद्वारा सञ्चालन भएको उक्त समारोहमा संवैधानिक निकायका पदाधिकारीहरू, लोक सेवा आयोगका पूर्व-पदाधिकारीहरू, नेपाल सरकारका मुख्य सचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, नेपाल सरकारका सचिवहरू एवं सुरक्षा निकायका प्रमुखहरू लगायत आयोगवाट सेवा निवृत्त कर्मचारी तथा सञ्चारकर्मीहरूको गरिमामय उपस्थिति रहेको थियो ।

**पुरुषोत्तम शर्मा**
**सहसचिव/प्रवक्ता**